जगदम्बा मोटर्सको टिभिएस ग्रेट ग्रान्ड एक्सचेन्ज एन्ड फाइनान्स कार्निभल सुरु

आर्थिक संवाददाता
काठमाडौं, चैत ११



नेपालमा टिभिएसको आधिकारिक वितरक जगदम्बा मोटर्सले टिभिएस ग्रेट ग्रान्ड एक्सचेन्ज एन्ड फाइनान्स कार्निभल सुरू गरेको छ ।

काठमाडौको भृकुटीमण्डपमा बुधबारदेखि सुरू भएको कार्निभल चैत १६ गतेसम्म चल्नेछ । कम्पनीका अनुसार पहिलो दिनमा पाँच सयभन्दा बढी आगन्तुकको सहभागिता रहेको थियो । सहभागीहरूले कम्पनीका विभिन्न दुईपाङ्ग्रे सवारीहरूको अवलोकन गर्नुका साथै टेस्ट राइडमा भाग लिएका थिए । आफ्ना पुराना मोटरसाइकल साट्न चाहने ग्राहकहरूका लागि स्थलमै एक्सचेन्ज मूल्यांकन तथा फाइनान्स परामर्श सेवा उपलब्ध गराइएको थियो । यसले खरिद प्रक्रियालाई छिटो र सहज बनाएको कम्पनीको दाबी छ ।

कार्निभल अवधिभर विभिन्न मनोरञ्जनात्मक तथा ग्राहक संलग्नता गतिविधिहरू सञ्चालन गरिने जनाइएको छ । दैनिक रूपमा लाइभ स्टन्ट शो, जिमखाना च्यालेन्ज, अन्तरक्रियात्मक खेल, टेस्ट राइड सत्र तथा फुड स्टलहरू रहनेछन् ।

कम्पनीका अनुसार कार्यक्रममा कम्युटर, प्रिमियम तथा इलेक्ट्रिक सेग्मेन्टका सम्पूर्ण सवारीहरूको प्रदर्शन गरिएको छ । ग्राहकहरूलाई आठ हजार रूपैयाँसम्मका भ्यालु एडिसन, सात हजार रूपैयाँसम्म नगद छुट तथा तीन हजार सात सय १० रूपैयाँबाट सुरू हुने ईएमआई योजना जस्ता विशेष अफरहरू उपलब्ध गराइएको छ । साथै, ५० भन्दा बढी रीकन्डिसन्ड बाइक कम्पनीहरूको सहभागितासहित एक्सचेन्ज कार्यक्रम सञ्चालन गरिएको छ, जहाँ पुराना सवारीसाधनको प्रतिस्पर्धात्मक मूल्यांकन सुनिश्चित गरिएको छ । कम्पनीले ग्राहकहरूलाई चैत १६ भित्र भृकुटीमण्डप पुगेर विशेष अफर, एक्सचेन्ज सुविधा तथा विविध गतिविधिहरूको लाभ लिन आग्रह गरेको छ ।

साओमी १७ अल्ट्राको प्रि-अर्डर सुरु

आर्थिक संवाददाता
काठमाडौं, चैत ११



साओमीले स्माटफोन ब्राण्ड साओमी १७ अल्ट्राको विशेष अफरसहित प्रि-अर्डर नेपालमा सुरू गरेको छ । प्रि-अर्डर अवधिमा ग्राहकहरूले साओमी १७ अल्ट्रा १६/५१२ जिबी भेरियन्टका लागि उपलब्ध रहेका तीनवटा विशेष अफरमध्ये एउटा रोज्न सक्नेछन् ।

विशेष अफरअनुसार १० हजार रूपैयाँ तत्कालै क्यासब्याक, ३९ हजार ९९९ रूपैयाँ पर्ने साओमी वाच एस ४ (४१ एमएम) २४ हजार ९९९ रूपैयाँमा उपलब्ध र १५ हजार नौ सय ९९ रूपैयाँको साओमी बड्स ५ फ्रि रहेका छन् । साथै साओमी १७ अल्ट्रा किन्ने ग्राहकहरूले बिक्रीपछि विशेष सुविधाहरू प्राप्त गर्नेछन् । यस योजनाअन्तर्गत फोन खरिद गरेको पहिलो ६ महिनासम्म एक पटक निःशुल्क स्किन फेर्न पाइने सुविधा प्राप्त गर्ने छन् भने नियमित १२ महिनाको वारेन्टीमा ६ महिना थप गरी कुल १८ महिनाको वारेन्टी सुविधा पनि पाउनेछन् । यसका साथै वारेन्टी सकिएपछि गरिने मर्मतमा पनि २४ महिनासम्म कुनै सेवा शुल्क लाग्ने छैन ।

साओमी १७ अल्ट्रा कालो, सेतो र स्टारलाइट तीनवटा आकर्षक रङमा उपलब्ध छ । यो आफ्नो श्रेणीमा सबैभन्दा पातलो र हल्का डिभाइसमध्ये एक हो, जसले लामो समयसम्म आरामदायी र उत्कृष्ट अनुभव प्रदान गर्छ । लाइकासँगको सहकार्यमा विकसित यो डिभाइसले उत्कृष्ट फोटो र भिडियो खिच्ने क्षमता राख्छ । साओमी १७ अल्ट्रामा रहेका फ्ल्यागसिप लाइका-इन्च अल्ट्रा डाइनामिक क्यामेरामा नयाँ लाइट फ्युजन १०५० एल इमेज सेन्सर र लोफिक एचडिआर टेक्नोलोजी प्रयोग गरिएको छ । यसमा लाइका २०० एमपी टेलिफोटो क्यामेरा जडान गरिएको छ । जसमा अत्याधुनिक ७५-१०० एमएम मेकानिकल अप्टिकल जुम पनि सपोर्ट गर्ने कम्पनीले जनाएको छ ।

डिभाइसमा ६००० एमएएच क्षमताको साओमी सर्ज ब्याट्री छ । जसले ९० वाट हाइपरचार्ज र ५० वाट वायरलेस हाइपरचार्ज सपोर्ट गर्नेछ । आइपी ६८ स्प्ल्यास तथा डस्ट रेसिस्टेन्स र साओमी शिल्ड ग्लास ३.० ले डिभाइसलाई सबै तिरबाट सुरक्षा प्रदान गर्नुका साथै बलियो रेसिस्टेन्स सुनिश्चित गर्ने काम गर्नेछ ।

डेनमार्क र दक्षिण कोरियामा टेलिकमको रोमिङ सेवा

आर्थिक संवाददाता
काठमाडौं, चैत ११



नेपाल टेलिकमले डेनमार्क र दक्षिण कोरियामा अन्तर्राष्ट्रिय भोल्टी रोमिङ सेवाको सुरू गरेको छ । टेलिकमको प्रयोग गरी अब अन्तर्राष्ट्रिय भोल्टी रोमिङ सेवा प्रयोग गर्न सकिने भएको हो ।

कम्पनीले सेवा सञ्चालनका डेनमार्कको टेलिनोर डेनमार्क तथा दक्षिण कोरियाको एसके टेलिकमबीच सम्झौता गरेको छ । यो सेवा क्यानडा, अमेरिका, अष्ट्रेलिया, लक्जेमबर्ग, इजरायल र ताइवान-आरओसीमा पहिलेदेखि नै उपलब्ध रहेको छ । कम्पनीका अनुसार अब आठ देशमा भोल्टी रोमिङ सेवा प्रयोग गर्न सकिने भएको छ । टेलिकमले यसका लागि ती देशका नौ सेवा प्रदायकसँग सम्झौता गरेको छ । विदेशमा समेत नेपाल टेलिकमको मोबाइल सेवा प्रयोग गरी नेपालकै जस्तो भ्वाइस, डाटा र एसएमएस सेवा प्रयोग गर्न सकिने प्रविधिलाई रोमिङ सेवा भनिन्छ ।

अन्तर्राष्ट्रिय भोल्टी रोमिङ सेवामा एचडी गुणस्तरको भ्वाइस कल गर्न सकिन्छ । भोल्टी अर्थात् भ्वाइस ओभर एलटीई टेलिकमले राष्ट्रियस्तरमा पहिलेदेखि नै उपलब्ध गराइरहेको सेवा हो । यसका लागि मोबाइलमा यो सेवा एक्टिभेट गरेको हुनुपर्छ भने मोबाइल सेट पनि यो सेवा चल्ने हुनुपर्छ । आफ्नो मोबाइलको स्क्रिनको माथिल्लो भागमा एचडी वा भोल्टी लेखेको छ भने सो मोबाइल सेटमा भोल्टी सेवा प्रयोग गर्न सकिन्छ भन्ने थाहा हुन्छ । यदि छैन भने स्टार४४४ह्याक्स डायल गरी 'एक्टिभ भोल्टी' विकल्प छानेर सेवा सुचारू गर्न सकिन्छ ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत

सडक डिभिजन, जुम्ला खलङ्गा

ठेक्का अन्त्य गरिएको सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/१२/१२

यस डिभिजन अन्तर्गत कालिकोट, जुम्ला र मुगु जिल्लामा संचालित तपसिल अनुसारका ठेक्काहरू का लागि सम्बन्धित निर्माण व्यवसायी र यस डिभिजनबिच तपसिल बमोजिममा ठेक्का सम्झौता भई सम्झौतामा उल्लेखित मितिमा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा सो हुन नसकी पटक पटक म्याद थप गरिएको र थपिएको म्याद समेत समाप्त भई सकेको, निर्माण व्यवसायीलाई लिखित तथा मौखिक रूपमा कार्य सम्पन्न गर्न पटक-पटक अनुरोध गर्दा पनि निजले ठेक्का सम्झौताका शर्तहरू बमोजिम आफ्नो करारीय दायित्व पुरा नगरेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (२) अनुसार ठेक्का सम्झौताको GCC मा भएको व्यवस्था र सारभूतरूपमा उक्त निर्माण व्यवसायीहरूबाट ठेक्का सम्पन्न नहुने परिस्थिति निर्माण व्यवसायी स्वयंबाट सिर्जना भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) समेतको आधारमा ठेक्का अन्त्य (Terminate) गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । यसर्थ ठेक्का सम्झौताको सम्बन्धित GCC बमोजिम निर्माण व्यवसायीलाई यथाशिघ्र कार्यस्थल छोड्न साथै सोही सम्झौताको GCC बमोजिम भुक्तानी हुन बाँकी स्वीकार्य रूपमा सम्पन्न भईसकेका कुनै कार्य भएमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा निर्माण व्यवसायीलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ ।

सि.नं.	ठेक्का नं.	ठेक्काको विवरण	निर्माण व्यवसायीको नाम र ठेगाना
1.	RDJML/3370 1141/078/79-11	Roadway Improvement Work (Widening, Structures and Pavement Works) 1st Pck along Manang-Mustang-Dolpa-Jumla Road (Chainage:0+000 to 10+000)	M/S Kashyap Nirman Sewa and Suppliers Pvt.Ltd., Kalanki-14 Kathmandu
2.	RDJML/3370 1154/076/77-18	Roadway Improvement Works along Nagma Gamgadhi Road (Chainage:72+000 to 93+000)	M/S Shankarmali Nirman Sewa Pvt.Ltd., Kathmandu
3.	DROJML/337 1653/075/76-01	Recurrent Maintenance Work (CH.132+000 to 205+000), Kalikot	M/S. Man Shahi Nirman Sewa, Kalikot
4.	DROJML/337 3204/075/76-06	Roadway Improvement Works (Serighat Kalikot)	M/S. Man Shahi Nirman Sewa, Kalikot

डिभिजन प्रमुख

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

Federal Road Supervision and Monitoring Office Kathmandu

Road Division Bhaktapur,Katunje

Invitation for Bids

Notice No.:- DROBKT/10/082/083

Date of Publication: 2082/12/12,26 March 2026.

1. Road Division Office ,Bhaktapur Katunje invites open competitive biddings from Eligible Bidders for the construction of following works under National Competitive Bidding Procedures.

S. N.	Contract Number	Description and location of work	Estimate Amount in NRs. (Exclusive of VAT and Contingencies)	Time For Completion From date of work order	Bid Security Amount (NRs.)	Bid Validity Period /Bid Security Validity Period	Price of Bid Document (NRs.)	Remarks
1	DROBKT/3370 11694/082/083/26	Road Upgrading along of Mamti - Titreatar - Sindhuretar - Changtar - Bharyangtar Road (Ch. 0+000 to 9+900)	N/A	24 months	8.8 million	120 days / 150 days	20000	Sealed Tender (Single Stage Double Envelope)

2. Date of Purchasing, Pre-bid meeting, Submission & Opening of Bids:-

Pre-bid meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
2083-01-03 (16th April 2026) at 13:00 hours at Road Division Bhaktapur,Katunje	Before 2083-01-13 (26th April 2026) At 12:00 hours	On 2083-01-13 (26th April 2026) At 13:00 hours.	Nepal Bank Limited, Kamalbinayak, Bhaktapur Name of Office 204 Road Division Bhaktapur Office Code no. : 337013301 Office Account no.: 00101000000001001001 Rajaswa (revenue) Shirshak no. : 14229	Account Name: Ko.Le.Ni.Ka., Bhaktapur, Bank Name: Nepal Bank Limited, Bank Address: Kamalbinayak,Bhaktapur, (office code no.:337013301) Account Number: 01901000002003000001

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp, for further details or contact to Road Division Bhaktapur Katunje.
4. A complete Set of Bidding Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp, and must be submitted through electronically only.
5. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date. Matters not covered by this notice shall be in according with Public Procurement Act, 2063 and Public Procurement regulations 2064, and other prevailing Rules and Regulations.

Division Chief

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

कृष्ण लाल पोखरेलको नाति, भवानी प्रसाद पोखरेलको छोरा, झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ४ बस्ने नारायण प्रसाद पोखरेल (ना.प्र.नं. ७६१५३३९२, जि.प्र.का. झापा) ले यस बैंकको बिर्तामोड शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला नारायण प्रसाद पोखरेलको मिति २०८२/१०/१६ मा निधन भएकोले यस बैंकमा रहेको बचत खाताको रकम भुक्तानी पाउँ भनी निज मृतकको श्रीमती चन्द्रा देवी पोखरेलले मिति २०८२/११/२७ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला । अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, बिर्तामोड

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

अमृते कामीको नाति, चक्र बहादुर कामीको छोरा, दैलेख जिल्ला, ठाँटिकाँध गा.पा. वडा नं. १ बस्ने यस बैंकको जुम्ला शाखा कार्यालयको खातावाला महेन्द्र कुमार वि.क. को मिति २०८२/१०/१३ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको बाबु चक्र बहादुर कामीले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक वाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४९६०६८४/४२१६०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

ककलिन झाँक्रीको नाति, पेमारेन्जेन तामाङको छोरा, सिन्धुपाल्चोक जिल्ला, पाचँपोखरी थाङपाल गा.पा. वडा नं. ५ बस्ने यस बैंकको वौद्ध शाखा कार्यालयको खातावाला अर्जुन थिङको मिति २०८२/१०/२७ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको श्रीमती अनिता तामाङले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक वाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सनराइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ४९६०६८४/४२१६०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com